SitRep #५३

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## कोरोनाभाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

बिहीबार | २० चैत्र २०७६ (०२ अप्रील २०२०)

### मुख्य कृयाकलापहरू:

- विश्व स्वास्थ्य संगठनको South East Asia Regional Office (WHO-SEARO) अन्तर्गत **११ देशका स्वास्थ्य मन्त्रीहरू सम्मिलित Video Conference सम्पन्न भयो** । यस कन्फेरेन्समा नेपालको तर्फबाट माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भानुभक्त ढकालको सहभागीता रहेको थियो । यस कन्फेरेन्समा कोभिड-१९ रोग रोकथाम तथा प्रतिकार्यका लागि आ-आफ्नो देशको अनुभव आदानप्रदान गर्दै आपसी सहयोग तथा सहकार्य गर्ने समबन्धमा छलफल गरीयो ।









- हाल सम्म Travel history भएका, कोभिड-१९ को पोजिटिभ रिपोर्ट आएका व्यक्ति संग सम्पर्कमा रहेका व्यक्तिहरूमा कोभिड-१९ को लक्षण देखिएमा मात्र परिक्षण गर्ने गरिएकोमा अब देखि शंकास्पद लक्षण देखिएका ६० बर्ष माथिका सर्वसाधारण सबैको कोभिड-१९ परिक्षणको व्यवस्था मिलाइएको छ ।
- कोभिड-१९ को पोजिटिभ रिपोर्ट आएको व्यक्तिसंग एउटै हवाईजहाजमा यात्रा गरी आउने सम्पूर्ण यात्रुहरू तथा पोजिटिभ रिपोर्ट आएका व्यक्तिको प्रत्यक्ष सम्पर्कमा आएका अन्य व्यक्तिहरूको पनि कोभिड-१९ को परिक्षण गर्ने व्यवस्था मिलाइएको छ ।
- कोभिड-१९ को उपचार लगायत अन्य स्वास्थ्य सेवा संचालनमा बाधा पुर्याउने चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको विवरण संकलन गरी आवश्यक छानबिन पछि कारबाही अगाडी बढाउने व्यवस्था गरिएको छ ।
- विश्वव्यापी गम्भीर परिस्थितिलाई ध्यानमा राखि देशभारको स्वास्थ्य सेवा सुचारू रूपले संचालन गर्न कुनैपनि स्वास्थ्य कर्मीलाई हाल बिदा नदिने र काजमा नछोड्ने व्यवस्था गरिएको छ ।

**आपुर्ति ब्यवस्थापनः** स्वास्थ्य सेवा बिभागबाट आवश्यकता अनुसार स्प्रेयर पम्प, PPE, N95 मास्क, गाउन, चस्मा, पन्जा, थर्मामिटर लगायतका सामग्रीहरू माग र आवश्यकता अनुसार आपूर्ति गर्ने क्रम जारी रहेको छ।

**प्रयोगशाला सेवा विस्तारः** राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुका साथै हाल देहायका प्रदेशका संस्थाहरूमा कोभिड-१९ को प्रयोगशाला परिक्षणको व्यवस्था मिलाइएको छ ।

| प्रदेश | अस्पताल | प्रयोगशाला संचालनको स्थिति |
|---|---|---|
| प्रदेश न. १ | विश्वेश्वर प्रसाद कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान | २०७६ चैत्र १६ देखि सुरू भएको |
| प्रदेश न. २ | जनकपुर प्रादेशिक अस्पताल | उपकरणहरू जडान हुने क्रममा रहेको |
| बागमती प्रदेश | किटजन्य रोग अनुसन्धान तथा तालीम केन्द्र, हेटौडा | उपकरणहरू जडान भइ जाँचको लागि तयारी अवस्थामा रहेको |
| गण्डकी प्रदेश | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | २०७६ चैत्र १८ देखि सुरू भएको |
| प्रदेश न. ५ | लुम्बिनी प्रादेशिक अस्पताल | उपकरणहरू जडान हुने क्रममा रहेको |
| कर्णाली प्रदेश | सुर्खेत प्रादेशिक अस्पताल | उपकरणहरू जडान भइ जाँचको लागि तयारी भइरहेको |
| सुदुरपस्चिम प्रदेश | सेती प्रादेशिक अस्पताल, धनगडी | उपकरणहरू जडान हुने क्रममा रहेको |

**सुचना तथा सञ्चारः** कोभिड-१९ का दुई वटा कल सेन्टर (१११५ र ११३३) मा आज २७५९ जना ब्यक्तिहरूले सेवा लिनु भयो ।

| **कोभिड-१९ उपचार गर्ने अस्पतालहरूमा उपचाररत बिरामीहरूको संख्या** | | |
|---|---|---|
| **अस्पतालहरू** | **आईसोलेसनमा रहेका बिरामि** | **आई.सि.यु. मा रहेका बिरामि** |
| शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताल | ६ | ० |
| पाटन अस्पताल | ३ | ० |
| शसस्त्र प्रहरी बल अस्पताल (COVID-19 Unified Command Hospital) | ७ | ० |
| **जम्मा** | **१६** | **०** |
| *(मिति २०७६/१२/२० गते १४:०० बजे सम्म)* | | |

| ILI/SARI Cases Reported from EWARS Sentinel Sites | |
|---|---|
| मिति | ILI/ SARI Cases |
| २८ मार्च | ८९ |
| २९ मार्च | ६० |
| ३० मार्च | ४७ |
| ३१ मार्च | ५५ |
| ०१ अप्रील | ६३ |
| | अध्यावधिक मिति: २०७६ चैत्र २० गते; १६:०० बजे सम्म |

**प्रयोगशाला परिक्षण:** प्रयोगशाला परिक्षणबाट हाल सम्म छ जना ब्यक्तिमा कोभिड-१९ संङ्क्रमण देखिएको रिपोर्ट भएको छ । छ वटै केसहरू आयातित (Imported cases) हुन । आज एउटा नयाँ केस रिपोर्ट भएको छ । पहिलो संङ्क्रमित ब्यक्ति निको भई सामान्य जीवनमा फर्की सक्नु भएको छ ।

| **प्रयोगशाला परिक्षण** | | | | |
|---|---|---|---|---|
| प्रयोगशाला | जम्मा परिक्षण | | पोजिटिभ | |
| | आज सम्मको जम्मा | नयाँ | आज सम्मको जम्मा | नयाँ |
| राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु | ११७० | ३७ | ६ | १ |
| वि. पी. कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान | १२ | ० | ० | ० |
| प्रदेश जनस्वास्थ्य प्रयोगशाला, पोखरा | ३ | ३ | ० | ० |
| **जम्मा** | **११८५** | **४०** | **६** | **१** |
| | | | | अध्यावधिक मिति: २०७६ चैत्र २० गते; १६:०० बजे सम्म |

*जम्मा २४ वटा नमुनामा १२ वटाको नतिजा आइसकेको र बाँकी १२ वटाको नतिजा आउन बाँकी रहेको ।

## मापदण्ड तथा निर्देशिकाहरू:

१) COVID-19 को सन्दर्भमा व्यक्तिगत सुरक्षा सामग्री (पी.पी.इ) को प्रयोग सम्बन्धी निर्देशिका (नेपाल चिकित्सा परिषद र नेपाल सरकारका विज्ञद्वारा WHO को मापदण्डमा आधारित)

२) COVID-19 SOP, Case Investigation and Tracing Form

३) Protocol for ILI Clinics (COVID-19 Screening Fever Clinics)

**नेपाल सरकारले तोकेको लकडाउन अवधिभर ब्यक्तिगत सुरक्षाका उपायहरू अवलम्बन गरी आ-आफ्नो घरमा नै बस्नुहुन सबै नागरीकहरूमा अनुरोध छ ।**

| क्वारेन्टाईन, आइसोलेशन तथा प्रयोगशाला सम्बन्धमा प्रादेशिक विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | क्वारेनटाईन मा रहेका बेड संख्या | क्वारेनटाईनमा बसेका व्यक्तिको संख्या | आइसोलेशन बेड संख्या | आइसोलेशन मा भएका बिरामीको संख्या | १९ चैत्र २०७६ सम्मको स्वाव परिक्षणको अवस्था | | | | १९ चैत्र २०७६ स्वाव संकलन भएकाको संख्या | PPE को मौजदात संख्या |
| | | | | | नेगेटिभ | पोजिटिभ | रिपोर्ट आउन बाँकि | जम्मा | | |
| प्रदेश १ | ३९२२ | ७७५ | ३८५ | ७ | ४२ | 0 | २० | ६२ | ८ | १२६१ |
| प्रदेश २ | २२४९ | ६११ | ३५८ | १५ | ८ | 0 | १७ | २५ | १३ | ४९२ |
| बागमती प्रदेश | ३३४८ | ३७४ | ६७३ | १३ | ९१ | 0 | २९ | १२० | १० | १६८९ |
| गण्डकी प्रदेश | ४१२० | १३५७ | २५१ | ६ | २० | १ | २२ | ४३ | २५ | १५९८ |
| प्रदेश ५ | ४७२२ | २६३५ | ५०० | ३७ | ७१ | 0 | १० | ८१ | १० | ५८९ |
| कर्णाली प्रदेश | ३१०९ | ८९२ | ४७० | 0 | १९ | 0 | ३ | २२ | २० | ९०० |
| सुदुरपस्चिम प्रदेश | ३१६९ | १८६१ | २३४ | ११ | ३९ | १ | १२ | ५२ | ३१ | ३८१ |
| **जम्मा** | २४६३९ | ८५०५ | २८७१ | ८९ | २९० | २ | ११३ | ४०५ | ११७ | ६९१० |

नोटः काठमाडौं उपत्यकाका अस्पतालहरुको रिपोर्ट समाबेश गरिएको छैन ।

श्रोतः NEOC, गृह मन्त्रालय र प्रादेशिक स्वास्थ्य निर्देशनालय, १९ चैत्र २०७६